# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०८।२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

सशस्त्र प्रहरी बल, नेपाल अरूण गुल्म चैनपुर संखुवासभाका सशस्त्र प्रहरी नायव उपरीक्षक रामप्रसाद भण्डारी समेतले बिना इजाजत सरकारी सवारी साधनको प्रयोग गरी अन्दाजी १०० क्यु.फिट बराबरको १८४ थान सालको चिरान काठ संखुवासभा जिल्लाको चैनपुरबाट धरान/इटहरीतर्फ ओसारपसार गरेको हुँदा कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धानको सिलसिलामा संकलित मिसिल संलग्न कागजात तथा सबुत प्रमाण समेतलाई अध्ययन विश्लेषण गर्दा आहाले सिस्ने सल्लेरी सामुदायिक वन उपभोक्ता समितिले गुल्म परिसर भित्र भौतिक संरचना निर्माण गर्नका लागि ५० क्यु.फिट सखुवा काठ उपलब्ध गराउने भने तापनि निज रामप्रसाद भण्डारीले गुल्म परिसर भित्र नयाँ भौतिक संरचना तथा फर्निचरहरू निर्माण कार्य सुरु नगरी ९२.९८ क्यु.फिट (जम्मा मूल्य रु.१,०४,१३६।-) बराबरको सालको चिरान काठ बिना इजाजत सरकारी सवारी साधनको दुरुपयोग गरी संखुवासभा जिल्लाको चैनपुरबाट धरान/ईटहरीतर्फ ओसारपसार गरी उक्त सरकारी सम्पत्तिको वदनियतसाथ हिनामिना गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई जम्मा बिगो रु.१,०४,१३६।-(एक लाख चार हजार एकसय छत्तीस) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ तथा दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदाबी लिई मिति २०७५।८।२० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता